## मिति २०८१/०८/२० गते बिहिबार, १६६ औं कार्यपालिका बैठक

### प्रस्तावहरुः

१. नगरप्रमुखज्यूको स्वास्थ्य लाभको कामना सम्बन्धमा।
२. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा।
३. नगरसभाको हिंउदे अधिवेशन आव्हान सम्बन्धमा।
४. आय र व्ययको विवरण सम्बन्धमा।
५. भेरिएसन १ स्वीकृत सम्बन्धमा। (बुकामा कभर्ड हल)
६. ठेक्काको म्याद थप सम्बन्धमा।
७. संजिवनी इन्स्टिच्युट अफ एडभान्स स्टडिज एण्ड टिचिङ हस्पिटल प्रा.लि.लाई निर्माणको इजाजत दिने सम्बन्धमा।
८. कानूनहरु निर्माण सम्बन्धमा।
९. योजनाको नाम संशोधनका लागि सिफारिस गर्ने सम्बन्धमा। (वडा नं. १७ को प्रदेश सशर्त अनुदानतर्फको)
१०. लेखा समितिमा सचिव तोक्ने सम्बन्धमा
११. बेरुजु फछ्र्यौट सम्बन्धमा।
१२. स्वयंसेवक शिक्षकको करानामा स्वीकृत सम्बन्धमा।
१३. लागु औषध नियन्त्रण समितिमा सदस्य चयन सम्बन्धमा।
१४. अनुमती दिने सम्बन्धमा।

- श्री माध्यामिक विद्यालय सौडियारलाई महायज्ञ संचालनका लागि अनुमती दिने सम्बन्धमा।
- नेपाल मगर संघलाई माघे मेला संचालन गर्न अनुमती दिने सम्बन्धमा।
- दाङ जिल्ला उद्योग वाणिज्य संघलाई छैठौ कृषि पर्यटन तथा व्यापार महोत्सव संचालन गर्न अनुमति दिने सम्बन्धमा।

१५. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा। (वडा नं. १९ जग्गा सम्याउने कार्य)
१६. विविध।

- किरिया खर्च सहयोग सम्बन्धमा। (वडा नं. १२ र १७)
- थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमिति दाङ देउखुरीलाई आर्थिक सहयोग।
- नगर अन्तर स्कुल स्तरिय हाप्किडो च्याम्पियनसिप २०८१ संचालनको लागि आर्थिक सहयोग।
- गतवर्षको भुक्तानी बाँकी सम्बन्धमा। (भरोसा कोष दाङ)

**निर्णय नं. १**

आँखाको अपरेसन गरी स्वास्थ्य लाभ गरिरहुनु भएका नगरप्रमुख श्री नरुलाल चौधरीज्यूको स्वास्थ्यलाभको कामना गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकाको आ.व. २०८१/८२को हिंउदे अधिवेशन(१६औं अधिवेशन) यही मिति २०८१।०९।०८ गते दिनको १ बजेका लागि आव्हान गर्ने।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको चालु आ.व. २०८१/८२को कार्तिक महिनासम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको जानकारी कार्यपालिका समक्ष प्रस्तुत गरियो।

**तपसिल**

| सि.नं. | कुल प्रस्तावित आय | वास्तविक आय | चालु तर्फको खर्च | पुँजीगत तर्फको खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १ | २,४२,७७,१८,०००।- | ५०,७९,३४,२३९.४३।- | २९,२२,३५,८६०.४०।- (२२.७%) | ६,०२,६३,५५१।- (५.२९%) | |

**निर्णय नं. ५**

ठेक्का नं. NCB/WORKS/GSMC/06/080/81 मा.वि. बुकामा कभर्डहल निर्माणका लागि घोराही उमपहानगरपालिका र जे.आर. एस. इन्जिनियरिङ सोलुसन एण्ड कन्स्ट्रक्सन प्रा.लि. विच भएको निर्माण सम्झौतामा कबोल ठेक्का रकम रु. १,२६,२४,२४६।५६ मात्र भ्याट सहित टेण्डर स्वीकृत भएकोमा उक्त योजना निर्माणाधिन भवनको जग्गा Low Level भएकोले Foundation Levelहाइट बढाउनु पर्ने भएको तथा केही आइटमका Quantity लागतमा छुट हुन गएकोले BOQ अनुसारको Quantity मा थपघट गर्नुपर्ने देखिएको हाल PCC, RCC, Rainforcement, Saj wood for Partition in Floor & Ply wood paving in floor work आदी कार्यको Quantityमा थपघट हुने र Item no.3.7 मा Ply wood paving in floor work को दररेट नेगोसियसन गरी बोल कबोल भन्दा कम कायम गर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८(५) बमोजिम गठित विशेषज्ञहरुको समुहको सिफारिसमा शुरु सम्झौता रकम रु.१,२६,२४,२४६।५६ (भ्याट र कन्टेन्जेसी सहित)मा टेण्डर स्वीकृत भएकोमा हाल १४.२८ प्रतिशतले बढी रु.१,४४,२६,६०६।६०(भ्याट र कन्टेन्जेसी सहित)को भेरिएसन आदेश नं. १(VO1) स्वीकृत गर्ने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिका क्षेत्रभित्र योजना निर्माणका लागि सम्झौता भई सञ्चालित योजना विविध कारणले समयमै सम्पन्न हुन नसकेका कारण योजनाको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी पूर्वाधार विकास महाशाखाबाट पेश भएका ठेक्का यस घोराही उपमहानगरपालिकालाई आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद (तेह्रौ संशोधन) नियमावली २०८०को नियम १२०, १२० क को आदेशअनुसार तपसिल बमोजिमको योजनाको म्याद थप गर्ने।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/06/078/79 | खैरा कोठरी सडक पिच वडा नं. ९ | रोयल विल्डर्स तुलसीपुर १७ दाङ | २०७८।१०।०७ | २०७९।०३।३१ | २०८०।१२।३० गतेसम्म (पहिलो पटक पूर्वनिर्धारित क्षतिपूर्तिसहित) २०८१।०३।३० गतेसम्म (दोस्रो पटक पूर्वनिर्धारित क्षतिपूर्तिसहित) २०८१।०९।२९ गतेसम्म (तेस्रो पटक पूर्वनिर्धारित क्षतिपूर्तिसहित) |
| २ | NCB/WORKS/GSMC/30/079/080 | वडा नं. ६ वडा कार्यालयदेखि फचकपुर पक्वै बेरगै बचाहा बेरुवागाउँहुँदै बबईसम्म सडक स्तरउन्नती | अप्रचुनिटी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौं ३ टोखा | २०८०।०६।१८ | २०८१।०३।३१ | २०८१।११।३० पहिलो पटक म्याद थप |
| ३ | NCB/WORKS/GSMC/27/079/080 | मा.वि. गोग्लीदेखि लक्ष्मीपुर मन्दिरसम्म सडक स्तरउन्नती | अप्रच्युनिटी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौं ३ टोखा | २०८०।०६।१८ | २०८१।०३।३१ | २०८१।११।३० पहिलो पटक म्याद थप |
| ४ | NCB/WORKS/GSMC/06/080/081 | वडा नं. २ मा.वि. बुकामा कभर्डहल निर्माण | जे.आर.एस. इन्जिनियरिङ सलुसन एण्ड कन्स्ट्रकन्सन प्रा.लि. | २०८०।१०।१४ | २०८१।०३।३१ | २०८१।०८।१५ पहिलो पटक म्याद थप भएको २०८१।०८।३० दोस्रो पटक म्याद थप गरिएको |

**निर्णय नं. ७**

संजिवनी इन्स्टिच्युट अफ एडभान्स स्टडिज एण्ड टिचिङ हस्पिटल प्रा.लि.लाई स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम म्याद थप गरी तोकिएको राजश्व लिई निर्माणको सुपरस्टक्चर(स्थायी इजाजत) इजाजत दिने।

**निर्णय नं. ८**

**८.१** तपसिल बमोजिमका कानून तथा निति घोराही उपमहानगरपालिकाको आगामी हिंउदे अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**तपसिलः**

१. घोराही उपमहानगरपालिकाको अटो रिक्सा संचालन तथा व्यवस्थापन सम्बन्धी कानून

२. घोराही उपमहानगरपालिकाको दिशा जन्य लेदो व्यवस्थापन सम्बन्धी निति।

२. घोराही उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ पहिलो संशोधन प्रस्ताव।

**८.२** घोराही उपमहानगरपालिकाको टोल विकास संस्था (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८१ पेश गरियो।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकालाई प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान तर्फको योजनाहरु मध्ये श्री राधाकृष्ण मार्ग मयुर टोल सडक कालोपत्रे घोराही २ शीर्षकमा रकम रु.२५ लाख विनियोजन भएकोमा उक्त योजना घोराही २ नभई घोराही १७ भएकोले सो योजना संशोधनका लागि लुम्बिनी प्रदेश सरकार समक्ष सिफारिससहित अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको लेखा समितिको सचिवको रुपमा काम गर्न सामान्य व्यवस्थापन महाशाखा प्रमुख श्री वासुदेव आचार्यलाई तोक्ने निर्णय गरियो।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाको आ.व. २०७३/७४ देखि ०७९/८०सम्म म.ले.प.बाट औंल्याइएका विभिन्न प्रकारका बेरुजु फछ्यौंटका लागि ति बेरुजुहरु वर्गिकरण गरी अनियमित बेरुजुको हकमा आवश्यक कागजात जुटाउने तथा असुलउपर गर्नुपर्ने भए असुलउपरको प्रक्रिया अगाडी बढाउने तथा प्रमाण पेश गर्नुपर्ने र पेश्की बेरुजुको सम्बन्धमा आवश्यक कागजात तयार गरी वित्तीय व्यवस्थापन महाशाखा प्रमुखमार्फत लेखा उत्तरदायी समक्ष पेश गर्न तपसिल बमोजिमका कर्मचारीहरुलाई जिम्मेवारी दिने निर्णय गरियो। साथै उक्त कार्य कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्य गर्नुपर्ने भएकोले खटिने कर्मचारीहरुलाई दैनिक रु.१,०००।–को दरले अधिकतम २१ दिनसम्मको प्रोत्साहन रकम उपलब्ध गराउने।

**तपसिलः**

१. हरी बहादुर बुढाथोकी, अधिकृत छैटौं(लेखा), आर्थिक प्रशासन शाखा
२. प्रकाश विश्वकर्मा, सहायक पाँचौ (लेखा), आर्थिक प्रशासन शाखा
३. प्रेम बहादुर वली, सहायक पाँचौ, आर्थिक प्रशासन शाखा
४. सन्दिप घिमिरे,इन्जिनियर, योजना शाखा
५. मधुसुदन खतिवडा, सव इन्जिनियर, योजना शाखा
६. प्रकाश ज्ञवाली, सहायक पाँचौ, योजना शाखा
७. भक्त बहादुर पोखेल, कार्यालय सहयोगी, आर्थिक प्रशासन शाखा
८. नेप बहादुर बुढा, कार्यालय सहयोगी, आर्थिक प्रशासन शाखा

**निर्णय नं. १२**

स्वयंसेवक शिक्षक छनौट समितिको मिति २०८१।०८।०९ गतेको सिफारिस बमोजिम छनौट भएका तपसिल बमोजिमका स्वयंसेवक शिक्षकहरुलाई स्वयंसेवक शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि २०८०को दफा ७ को उपदफा (११) बमोजिम विद्यालय छनौट गर्ने गराउने काम सम्पन्न गरी स्वयंसेवक शिक्षकको नियुक्ति तथा पदस्थापन गर्न कार्यविधिको दफा ८ को उपदफा (१) बमोजिम करारनामाको लागि कार्यविधिको दफा ७ को उपदफा (११) बमोजिमको स्वयंसेवक शिक्षकहरुले विद्यालय छनौट गरेको सूची करार सम्झौता गर्ने निर्णय अनुमोदन गर्ने।

**तपसिलः**

**पदस्थापन हुने शिक्षकहरुको नामावलीः**

| क.सं. | शिक्षकको नाम थर | ठेगाना | तह | विषय | पदस्थापन हुने विद्यालय |
|---|---|---|---|---|---|
| १ | अर्जुन गिरी | घोराही उ.म.न.पा. १९ | आधारभूत तह | विज्ञान प्रविधि | श्री भगवती मा.वि. होडवाङ सैघा |
| २ | बसन्त कँडेल | राप्ती गा.पा. १ दाङ | | गणित विज्ञान | श्री आधारभूत विद्यालय चाक्लीघाट |

**निर्णय नं. १३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको लागू औषध नियन्त्रण र रोकथाम सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६ अनुसार लागू औषध दुर्व्यसनबाट प्रभावित व्यक्तिहरु वा सर्वसाधारणलाई लागू औषध दुर्व्यसन विरुद्ध र लागू औषधको रोकथाम कार्यक्रम संचालन गर्न नगरप्रमुखज्यूको अध्यक्षतामा स्थानीय समिति गठन गर्ने।

(क) नगरप्रमुख अध्यक्ष

(ख) उपप्रमुख सदस्य

(ग) स्वास्थ्य संयोजक सदस्य

(घ) लोक बहादुर बस्नेत, प्रधानाध्यापक, प.प.न.मा.वि. भरतपुर सदस्य

(ङ) बसन्ता सुवेदी पौडेल, प्रधानाध्यापक, श्री सरस्वती मा.वि. काठेकोहल सदस्य

(च) केशव थापा, प्रधानाध्यापक, पशुपति विद्याश्रम सदस्य

(छ) प्रेमा शर्मा, अन्नपूर्ण सहकारी संस्था सदस्य

(ज) आशमानी चौधरी, ग्रामिण विकास मञ्च सदस्य

(झ) विष्णु वली, लागू औषध प्रयोग तथा उपचार केन्द्र संचालक सदस्य

(ञ) विष्णु बि.क., स्थानीय आमा समुह वडा नं. १४ सदस्य

(ट) कवल बुढा, स्थानीय आमा समूह वडा नं. १८ सदस्य

(ठ) केशव बि.क, बाल युवा क्लब, वडा नं. १ सदस्य

(ड) सुष्मा राना मगर, सार्थक युवा क्लब, वडा नं. ४ सदस्य

(ढ) सन्तोष दहित, स्थानीय सञ्चारकर्मी सदस्य

(ण) स्थानीय प्रहरी इकाई प्रमुख सदस्य

(त) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**निर्णय नं. १४**

**१४.१** श्री माध्यामिक विद्यालय सौडियारलाई विद्यालयको भौतिक तथा शिक्षण सुधार एवं सभाहल निर्माणका लागि २०८१।०८।२१ गतेदेखि श्रीमदभागवत ज्ञान महायज्ञ संचालन गर्न अनुमती दिने।

**१४.२** नेपाल मगर संघ घोराही उपमहानगर कार्यसमितिलाई २०८१ साल माघ ५ गतेदेखि ११ गतेसम्म पर्यटन तथा साँस्कृतिक प्रदर्शनी माघे मेला संचालनको अनुमती दिने।

**१४.३** दाङ जिल्ला उद्योग वाणिज्य संघ, घोराहीलाई यही मिति २०८१ साल फागुन २ गतेदेखि १५ गतेसम्म छैठौं कृषि पर्यटन तथा व्यापार महोत्सव २०८१ संचालनको अनुमतीका लागि जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्ने।

**निर्णय नं. १५**

घोराही उपमहानगरपालिकाका तपसिल बमोजिमका स्थानमा खेतीयोग्य जमिन सम्याउनका लागि घोराही उपमहानगरपालिकाबाट खटिएका प्राविधिक टोलीबाट स्थलगत अध्ययन गरी क्षेत्रफल र उत्खनन हुने परिमाण खुलाई घोराही उपमहानगरपालिकाको भूमि व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१मा रहेको व्यवस्था बमोजिम पेश भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

**तपसिलः**

**१.** घोराही उपमहानगरपालिका वडा नं. १९ बस्ने छविलाल घर्तीको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक सैघा गाविस वडा नं. ५/घ कि.नं. १३७ क्षेत्रफल ०-९-१-३ रोपनी जग्गा।

**२.** घोराही उपमहानगरपालिका वडा नं. १९ बस्ने पहलमान बुढाको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक सैघा गाविस वडा नं. २/छ कि.नं. २२ क्षेत्रफल ०-१२-३-० रोपनी जग्गा।

**निर्णय नं. १६**

**१६.१** घोराही उपमहानगरपालिका वडा नं. १२ बस्ने राधा चौधरीको पति बुद्धिराम चौधरीको मिति २०८१।०८।०८ गते मृत्यू भएको र उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. १०७१, मिति २०८१।०८।१६ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई किरिया खर्चका लागि सहयोग स्वरुप रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.२** घोराही उपमहानगरपालिका वडा नं. १२ पतेनी बस्ने मोहनलाल सुनारको मिति २०८१।०७।१३ गते मृत्यू भएको र उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. ९४५, मिति २०८१।०८।०२ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई किरिया खर्चका लागि सहयोग स्वरुप रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.३** घोराही उपमहानगरपालिका वडा नं. १७ श्रीकृष्ण टोल बस्ने चैनुलाल चौधरीको छोरा सुशिल चौधरीको मिति २०८१।०६।२३ गते मृगौला फेल भई मृत्यू भएको र उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले किरिया खर्चका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १७ नं. वडा कार्यालयको च.नं. ११२२, मिति २०८१।०७।०४ गतेको पत्रबाट सिफारिससाथ अनुरोध भई आएकोले उहाँको परिवारलाई किरिया खर्चका लागि सहयोग स्वरुप रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.४** थारु समुदायको साझा संस्था थारु कल्याणकारिणी सभा केन्द्रीय कमिटीको २३औं केन्द्रिय महाधिवेशन दाङ जिल्लाबाट सहभागी हुन जान आउनकालागि आर्थिक सहायता उपलब्ध गराइदिनुहुन भनि थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमिति दाङ च.नं. १०१ मिति २०८१।०७।२५ गतेको पत्रबाट अनुरोध भई आएकोले थारु कल्याणकारिणी सभा जिल्ला कार्यसमिति दाङ देउखरीलाई खर्च भएको रकमको विल अनुसार अधिकतम रकम रु.१५,०००।— सम्म घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने।

**१६.५** गोरखा स्कुल हाप्किडो डोजाङ घोराही दाङलाई घोराही नगर अन्तर स्कुल स्तरीय हाप्किडो च्याम्पियनसिप २०८१ संचालनका लागि सहयोग स्वरुप रकम अधिकतम रु.१५,०००।—सम्म विल अनुसार घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१६.६** भरोसा कोष दाङ नेपाल महिला विकास मंचलाई महिला सशक्तिकरणका लागि अर्थ संकलन विषयमा अन्तर्किया कार्यक्रमका संचालनका लागि मिति २०८१।०२।२४ गते बसेको नगरकार्यपालिकाको १५८औं बैठकको निर्णयबाट आर्थिक सहयोग गर्ने  निर्णय भएकोमा गत आ.व.मा स्रोतमा भएको चापका कारण भुक्तानी हुन नसकेको हुँदा उक्त सहयोग रकम घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमती दिने।